# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर २४ गते २०३६ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नेपाल अधिराज्यका गुम्बाहरू र लामाहरूसम्बन्धी आवश्यक व्यवस्था मिलाउन केन्द्रीयस्तर मा देहायबमोजिमको उच्चस्तरीय समिति गठन गरेको छ ।

१. <u>समितिको गठनः</u> समितिमा देहायबमोजिमको अध्यक्ष र सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (१) | तैतारी लामा श्री कुस्यो छेचु डुक्पा, वगामघ्याङ, सिन्धपाल्चोक जिल्ला– | अध्यक्ष |
| (२) | औतारी लामा श्री ङवाङ तेन्जीङ, टेङवुचे गुम्बा, सोलुखुम्बु जिल्ला– | सदस्य |
| (३) | खेन्पो श्री टासी तेन्जीङ, छापतेन गुम्बा, मुस्ताङ जिल्ला – | सदस्य |
| (४) | औतारी लामा श्री छेवाङ दोर्जे, चुन्न गुम्बा, जुम्ला जिल्ला– | सदस्य |
| (५) | गुठी संस्थान केन्द्रीय कार्यालयका एकजना प्रतिनिधि– | सदस्य |
| (६) | पुरातत्व विभागका एकजना प्रतिनिधि– | सदस्य |
| (७) | गृह पञ्चायत मन्त्रालयका एकजना प्रतिनिधि– | सदस्य-सचिव |



४७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सदस्यको पदावधिः दफा १ बमोजिम गठन भएको समितिको गैर सरकारी सदस्यहरूको पदावधि सामान्यतया पाँच वर्षको हुनेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय-बमोजिमको हुनेछ :–

(१) श्री ५ महाराजाधिराज सरकारबाट समय समयमा गुम्बा तथा लामाहरूको सम्बन्धमा बक्स भएको निर्देशनहरूलाई कार्यान्वयन गर्ने ।

(२) प्रमुख लामाको मनोनयन गरी स्वीकृतिको लागि सिफारिशसाथ श्री ५ को सरकारमा पेश गर्ने ।

(३) परम्परागत धार्मिक रीतिथितिबमोजिम औतारी लामाको छानबीन गरी स्वीकृतिको लागि सिफारिशसहित श्री ५ को सरकारमा पेश गर्ने ।

(४) नेपाल अधिराज्यभित्र रहेका गुम्बाहरूको संरक्षण र संवर्द्धन सम्बन्धमा आवश्यक निरीक्षण गरी तत्सम्बन्धी निर्देशन दिने ।

(५) लामाहरूको देशदर्शन कार्यक्रमको व्यवस्था मिलाउने ।

(६) उत्तरी क्षेत्रमा राष्ट्रियताको भावना व्यापक रूपमा जनमानसमा पुऱ्याई विकासको प्रक्रियालाई सघाउ पुऱ्याउने ।

(७) गुम्बामा रहेका लामाहरूले अनैतिक आचरण गरेमा निष्काशन गर्न श्री ५ को सरकारमा सिफारिश गर्ने ।

४. योग्यताः देहायबमोजिमको योग्यता भएको व्यक्ति प्रमुख एवं औतारी लामा हुन सक्नेछः–

(१) नेपाली नागरिक र

(२) नैतिकवान र चरित्रवान ।

५. बैठक बस्न सक्नेः (१) साधारणतया वर्षको दुई पटक समितिको बैठक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा रही सदस्य-सचिवले बैठक बोलाउनु पर्दछ ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

४६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।